कार्यवीधि नं ०७

गाँउ कार्यपालिकाबाट स्वीकृत मिति २०७६।०८।०२

गाउँ सभावाट पहिलो संशोधन मितिः २०७८।०६।२२ गते

बिशेष गाउँ सभावाट प्रमाणीकरण मितिः २०७८।०६।२२ गते

# पलाँता अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यवीधि २०७६

पलाँता अस्पताल

पलाँता गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

पलाँता-कालिकोट

कर्णाली प्रदेश,नेपाल

**पलाँता अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्य विधि २०७८**
गाँउपालिका नियम संख्याः ०७
गाँउसभाबाट प्रमाणीकरण मितिः २०७८।०६।२२

**प्रस्तावनाः** आम नागरिकलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनको लागि पलाँता अस्पताल स्थापना र सञ्चालन सम्बन्धी कानुनी व्यावस्था गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ झ ३ अनुसार पलाँता गाउँकार्यपालिकाले यो कार्यविधि बनाएकोछ।

**१.संक्षिप्त नाम र प्रारम्भ:**(१) यस कार्यविधिको नाम पलाँता अस्पताल स्थापना र सञ्चालन सम्बन्धी कार्यविधि २०७६ रहेकोछ।
(२) यो कार्यविधि पलाँता गाउँपालिका भित्र लागु हुनेछ।
(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।
**२परिभाषा :**बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा
(क) सञ्चालक समिति भन्नाले खण्ड १० मा उल्लेखित समिति सम्झनु पर्नेछ।
(ख) अनुमति प्रदान गर्ने निकाय भन्नाले प्रचलित कानुनमा उल्लिखित अनुमति प्रदान गर्ने निकाय सम्झनु पर्छ।
(ग) अस्पताल भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उध्येश्यले प्रचलित कानुन बमोजीम स्थापित पलाँता अस्पताल जनाउँछ।
(घ) भवन संहिता भन्नाले भवन ऐन २०५५ को दफा ३) को उपदफा २) बमोजीम नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय भवन संहिता सम्झनु पर्दछ।
(ङ) भवन निमार्ण मापदण्ड भन्नाले पलाँता गाउँपालिकाबाट जारी भएको भवन निर्माण सम्बन्धी मापदण्ड तथा प्रचलित कानुनमा व्यावस्था भएको भवन निर्माण मापदण्ड समेतलाई जनाउँछ।
(च) गाउँपालिका भन्नाले पलाँता गाउँपालिका सङ्गझनु पर्छ।
**३.स्वास्थ्य सेवा सञ्चालन:**(१) प्रचलित कानुन भएको व्यावस्था अनुसार पलाँता अस्पताल सञ्चालनको लागि पलाँता गाउँपालिकावाट अनुमति प्राप्त गरी अस्पताल सञ्चालन गर्नुपर्नेछ।
(२) अस्पतालले आफ्नो उध्येश्य र क्षमता अनुसार अनुमति प्रदान गर्ने निकायबाट अनुमति लिई देहायका सेवाको समुचित व्यावस्था गरी स्वास्थ्य सेवा संचालन गर्नेछ।
(क) आकस्मिक सेवा
(ख) बहिरंग सेवा
(ग) अन्तरंग सेवा
(घ) निदानात्मक सेवा प्रयोगशाला रेडीयो ईमेजिङ्ग आदी
(ङ) शल्यक्रिया सेवा
(च) सघन उपचार सेवा
(छ) प्रवर्दनात्मक तथा प्रतिरोधात्मक सेवा
(ज) फार्मेसी सेवा
(झ) शवगृह व्यावस्था
(ञ) अस्पताल व्यावस्था
(ट) वातावरण व्यावस्था
(ठ) अस्पतालबाट निस्काशित फोहोरमैला व्यावस्थापन।
**४ गुणस्तर सुनिश्चतता सम्बन्धी मापदण्ड**(१) अस्पतालले खण्ड ३ बमोजीमको स्वास्थ्य सेवा सञ्चालन गर्दा देहायको गुणस्तरको सुनिश्चता गर्नुका साथै देहायमा उल्लिखित मापदण्डहरुको समेत पालना गर्नु पर्नेछ।
(क) बहिरंग बिभागमा अउने बिरामीको चापका अधारमा बिरामी दर्ता बिषेज्ञ परामर्श निदानात्मक सेवाहरु र औषधि कक्षमा छिटो छरितो सेवा दिने ब्यावस्था मिलाउनु पर्नेछ।
(ख) अस्पतालमा बिश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्ड बमोजीम संक्रमण नियन्त्रण **(Infection Prevention)** को व्यावस्था हुनु पर्नेछ र सोको नियमित रप्रभावकारी अनुगमन गर्नु पर्नेछ।
(ग) अस्पतालले नियमित ईकाइबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु स्तरीय रुपमा सञ्चालन गर्न कार्यसञ्चालन निर्देशीका **(Standard Operating Manual)** तयार गरि लागू गर्नुपर्नेछ।
(घ) अस्पतालले बहिरंङ्ग सेवा प्रदान गर्ने बिशेज्ञ चिकित्सक वा अन्य चिकित्सकहरु उपलब्ध हुने समय तालिका दिन र बार खुल्ने गरि सवैले देख्ने ठाँउमा राखिएको हुनु पर्नेछ।
(ङ) अस्पतालले उपलब्ध गराउने भनिएको बिशेज्ञ सेवा सम्बन्धित बिशेज्ञ चिकित्सकबाटै प्रदान गर्ने व्यावस्था मिलाउनु पर्नेछ।
(च) बिरामिले आफुले सेवा लिन चाहेको चिकित्सकबाट सेवा लिन पाउने ब्यावस्था सुनिश्चित गरिनु पर्नेछ।
(छ) बिरामी वा बिरामिको रेखदेख गर्ने व्याक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी दिने व्यावस्था हुनु पर्नेछ।
(ज) अस्पताल परिसर तथा सेवा दिने कक्षहरु नियमितरुपमा सफा सुघर राखिएको हुनु पर्नेछ।
(झ) सबैले देख्ने स्थानमा उजुरी पेटीका राखिएको हुनु पर्नेछ।

लक्ष्मण बहादुर बम
अध्यक्ष

(ञ) जनगुनासो व्यावस्थापनको लागि गुनासो सुन्ने अधिकारी तोकी जनगुनासो तथा पर्न आएको उजुरी समाधान गर्ने व्यावस्था मिलाएको हुनु पर्नेछ ।

(ट) बिरामिले सँस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क प्रकृया तथा अवधि समेत खुलाएको बिरामी बडापत्र **(Patient Charter)** अस्पतालको अग्र भागमा देखिने गरी राख्नु पर्नेछ र सोही अनुरुप सेवाको सुनिश्चतता गर्नु पर्नेछ ।

(ठ) अस्पतालमा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोध पुछ वा सहायता कक्षको व्यावस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यावस्था गरेको हुनुपर्नेछ तथा पचास शैया वा सो भन्दा बढी क्षमताका अस्पतालहरुले सामाजीक सेवा इकाईको अनिवार्य व्यावस्था गरेको हुनु पर्नेछ ।

(ड) सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सुरक्षाका लागि विभिन्न सरुवा रोग बिरुद्धको खोप तथा व्यात्तिगत सुरक्षा व्यावस्था गरेको हुनु पर्नेछ ।

(ढ) अस्पतालमा कार्यरत कर्मचारीहरुको सेवा शर्त सम्बन्धि विनियम बनाएको हुनु पर्नेछ ।

(ण) अस्पतालले नेपाल सरकारबाट सञ्चालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारको तोकेको प्रोटोकल मापदण्ड निर्देशिका अनिवार्यरुपमा पालना गरेको हुनु पर्नेछ ।

(त) अस्पतालले चौबिसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्य कार्यकर्ताबाट अकस्मिक सेवा दिने व्यावस्था मिलाएको हुनु पर्नेछ ।

(थ) अस्पतालमा रहेको आकस्मिक शैया क्षमताको अधारमा चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीको व्यावस्था गरेको हुनुपर्छ ।

(द) आकस्मिक विभागबाट बिरामी भर्ना गर्न रिफर गर्ने बिरामीको रेफरल प्रकृया र बिरामी सार्ने पद्धति स्पष्ट परिभाषित भएको हुनुपर्नेछ ।

(ध) अस्पतालमा उपचारका लागि आउने जेष्ठनागरीक,विपन्न,असाय वेवारिसे बिरामिका लागि निशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(न) खण्ड ध बमोजीम उपलब्ध गराएको उपचार सेवाको अभिलेख राखी गाउँपालिका र स्वास्थ्य शाखामा सो को प्रतिवेदन नियमित रुपमा पठाउनु पर्नेछ ।

(प) अस्पताल सञ्चालन गरिने भवन र अन्य पुर्वाधार भवन संहिता र सम्बन्धित क्षेत्रको भवन निर्माण सम्बन्धी मापदण्ड अनुरुप हुनुपर्छ ।

(फ) अस्पतालले विपद् व्यावस्थापनको कार्योजना बनाएको हुनु पर्नेछ । सो कार्यका लागि सम्पर्क व्याक्ति तोकी सो को जानकारी गाउँपालिकाको कार्यालयमा दिनु पर्नेछ ।

(ब) अस्पतालले सुचना अधिकारी तोक्नु पर्नेछ ।

(भ) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरलाई सुनिश्चितता प्रदान गर्न राष्टिय तथा अन्तर्राष्टिय गुणस्तर चिन्ह लिन अस्पताललाई प्रोत्साहान गरिनेछ ।

**५. गुणस्तर तथा मापदण्ड अनुगमन सम्बन्धी व्यावस्था** (१)अस्पतालले आफुले प्रदान गरेकौ सेवाहरुको यस कार्यविधिमा उल्लेखित मापदण्ड बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा प्रत्येक बर्ष परीक्षण स्व मुल्यांकन गराई सोको प्रतिवेदन अर्थिक बर्ष समाप्त भएको मितिले तीन महिनाभित्र गाउँपालिका कार्यालयमा प्रचलित कानुनले तोके बमोजिमको ढाँचामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र प्रतिवेदन पेश नगरे अस्पताललाई सो प्रतिवेदन पेश गर्न गाउँपालिकाले निर्देशन दिन सक्नेछ ।

(३) गाउँपालिका सँग अस्पताल विकास समितिले अनुगमनको समिक्षात्मक गोष्ठीको आयोजना गरी त्रुटी सच्याईने छ ।

(४) अस्पताललाई कारबाई गर्नु पुर्व अस्पताललाई मनासिब माफिकको सफाइ पेश गर्ने मौका दिइनेछ ।

(५) यस कर्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अन्य प्रचलित कानुन बमोजिम गरिने अनुगमनलाई यो व्यावस्थाले सीमित गर्ने छैन ।

**६. अस्पतालको पुर्वाधार सम्बन्धि मापदण्डहरु** (१) अस्पतालले सेवा स्वालन गर्दा देहाय बमोजिमको पूर्वाधार सम्बन्धि मापदण्ड पुरा गरेको हुनु पर्छ ।

(क) अस्पताल रहने स्थान धुवाँ धुलो ध्वनि जल तथा जमिन प्रदुषणबाट मुक्त भएको ।

(ख) अस्पताल रहने क्षेत्र र हाता भित्र उपयूक्त सुरक्षाको ब्यावस्था भएको ।

(ग) अस्पताल स्थापना हुने स्थान सडक यातायातको पहुँच भएको ।

(घ) पानी बिजुली र सञ्चार सुविधा उपलब्ध भएको ।

(ङ) सवारी साधन पार्किङका लागि पर्याप्त ब्यावस्था भएको ।

(च) अस्पताल परिसरमा स्वस्थकर वातावरणका लागि बृक्षारोपण तथा बगैचाको ब्यावस्था भएको ।

(छ) जोखिमपुर्ण फोहर ब्यावस्थापनका लागि उपयुक्त प्रविधिको ब्यावस्था गर्नुका साथै फोहर मैला व्यावस्थापन ऐन २०६८ फोहरमैला ब्यावस्थापन नियमावली २०७० र पलाँता गाउँपालिका पुर्ण सरसफाई स्वच्छता मार्गदर्शन २०७६ बमोजिम फोहर ब्यावस्थापनका लागिआवश्यक पुर्वाधार व्यावस्था मिलाएको ।

(२) आकस्मिक सेवाका लागि देहाय बमोजिमको पर्वाधार सम्बन्धि मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।

(क) कुल शैया क्षमताको कम्तिमा दश प्रतिशतका दरले आकस्मिक कक्षमा शैयाहरु उपलब्ध हुनु पर्नेछ । आकस्मिक सेवाका लागि छुट्याएको शैयालाई देहाय अनुरुप वर्गीकरण गरी सेवा दिने ब्यावस्था मिलाउनु पर्नेछ ।

१.Red (R) अति सिकिस्त बिरामिको सेवा दिने शैया बराबर एक प्रतिशत

२.Yellow (Y) सिकिसत बिरामिको सेवा दिने शैया बराबर दुई प्रतिशत

३. Green (G) सामान्य बिरामिको सेवा दिने शैया बराबर तिन प्रतिशत

४.Black (B) मृत्यु भैसकेका बिरामिलाई राख्ने शैया बराबर एक प्रतिशत

५.Observation Room /Bed बराबर तीन प्रतिशत

(ख) आकस्मिक कक्ष सञ्चालन गर्दा अल्ट्साउण्ड एक्सरे इमेजिङ सेवा प्रयोगशाला ओ पि डी ओ टी तथा अन्य वार्डहरुमा समेत सजिलै बिरमी ल्याउन लैजान सकिने व्हिलचेर ट्ली स्टेचर गरी सञ्चालनमा ल्याएको हुनु पर्नेछ ।

(ग) आकस्मिक कक्षमा प्रतिक्षालय शौचालय टायज (Triage Room)चेन्जिङ्ग रुम Medico -legal Case जस्तै Rape victim आदिको लागि गोपनियता सुनिश्चित हुने कोठाको समेत व्यावस्था भएको हुनु पर्नेछ ।

(घ)चौविसै घण्टा आकस्मिक सेवा दिने व्यावस्था मिलाएको हुनु पर्नेछ ।

(ङ) अस्पतालमा आकस्मिक सेवाका लागि दक्ष स्वास्थ्यकर्मी चौविसै घण्टा र चिकित्सक अन कल (On call)मा उपलब्ध हुने व्यावस्था हुनु पर्नेछ ।

(च) आकस्मिक विभागबाट बिरामी भर्ना गर्न रिफर गर्ने बिरामिको रेफरल प्रकृया तथा बिरामी सार्ने पद्धति स्पष्टरुपमा परिभाषित रहेको हुनु पर्नेछ ।



लक्ष्मण बहादुर बम
अध्यक्ष

(छ) प्रकोपजन्य रोगहरु प्राकृतिक प्रकोप जस्ता पक्षहरुलाई बिचार गरी आकस्मिक उपचार सेवाका लागि अस्पतालले विपद् व्यवस्थापन योजना बनाएको हुनु पर्नेछ।

(ज) आकस्मिक सेवामा काम गर्ने जनशक्ति कम्तिमा **Basic Life Support (BLS)/Primary Trauma Care (PTC)/Advance Cardiac Life Support (ACLS) /Advance Trauma Life Support (ATLS)** आदी सम्बन्धि तालिम लिएको हुनु पर्नेछ।

(३) बहिरंग विभागका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनु पर्दछ।

(क) अस्पतालबाट प्रदान हुने प्रत्येक बिषेज्ञ सेवाका लागि ओ पि डी कक्षको व्यावस्था मिलाएको

।

(ख) अस्पतालका लागि सामान्यतया सामान्य चिकित्सा वालरोग सामान्य शल्यक्रिया स्त्री तथा प्रसुती सेवा हुनुपर्ने तथा पूर्वाधार पूरा गरी हाड जोर्नी नाक कान घाँटी छाला तथा यौनरोग आँखा दन्त सेवा जस्ता सेवाको लागि स्वेच्छिक रुपमा सञ्चालन गर्न सक्नेछ।

(ग) उपलब्ध भएका चिकित्सकहरु मध्ये सेवाग्रहीले उपलब्ध भए सम्म रोजेको चिकित्सक सँग परीक्षण गर्न पाउने व्यावस्था भएको।

(४) अन्तरंग विभागका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछ।

क अस्पतालमा शल्य क्रिया पश्चात पनि बिरामीको अवस्था स्थिर नभएसम्म उक्त शल्यक्रिया गर्ने समुह तथा सर्जन चिकित्सक र एनेस्थेसियोलोजिष्ट अस्पतालमा रहिरहनु पर्ने र तत् पश्चात पनि सर्जरीको प्रकृति हेरी आवश्यक परेको खण्डमा तत्काल उपलब्ध हुने व्यावस्था मिलाउनु पर्ने।

(ख) नर्सिङ्ग ड्युटी स्टेशनबाट प्रत्येक बिरामीको प्रत्येक्ष निगरानी हुने व्यावस्था गर्नुपर्ने। उक्त सुविधा नभएमा प्रत्येक बिरामिको शैया कल बेल राख्नु पर्ने।

(५) एलाईड हेल्थ तथा निदानात्मक सेवाका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हु पर्नेछ।

(क) प्रत्येक किसिमका परीक्षणको लागि राष्ट्र्य जनस्वास्थ्य प्रयोगशाला नीति अनुरुपको प्रयोगशालाको व्यावस्था भएको हुनु पर्ने।

(ख) रेडियो डाईग्नोसिस अल्ट्रसाउण्ड एक्सरे फिल्म लोडिङ् अनलोडिङ् तथा प्रोसेसिङ लगायतका इमेजिङ सेवा कक्षहरु ओ पि डी ओ टी तथा वार्डहरुलाई समेत सजिलै बिरामी ल्याउन लैजान सकिने व्हीलचेयर ट्रली स्टेचर गरी संचालनमा ल्यएको हुनु पर्ने।

ग यस्ता सेवा प्रदान गरिने कोठाहरुमा प्रतिक्षालय शौचालय चेन्जिङ्ग रुपको समेत व्यावस्था भएको हुनु पर्ने।

(६) अस्पतालमा सेवाको प्रकार हेरी पाँच देखि दश प्रतिशत सघन उपचार सेवा High dependency Unit/ अई सि यू शैया रहनु पर्नेछ।

(७) अस्पतालमा पोषण खेप आमा र बच्चाको स्वास्थ्य परिवार नियोजन जस्ता सेवाहरुको नेपाल सरकारको नीति बमोजिम प्रद्धनात्मक तथा प्रतिरोधात्मक सेवा उपलब्ध हुनु पर्नेछ।

(८) अस्पतालमा कम्तिमा वच्चा तथा आमाको लागि बिशेषज्ञ सेवा उपलब्ध गराराउनु पर्नेछ।

(९) औषधि पसल (Pharmacy) का लागि देहाय बमोजिमको पूर्वाधार मापदण्ड पुरा गरेको हुनु पर्नेछ।

(क) अस्पताल हाता भित्र औषधी पसलको व्यावस्था पलाँता गाउँपालिका अस्पताल फार्मेसी सेवा निर्देशिका २०७६ बमोजीम गर्नु पर्नेछ।

(ख) चौबिसै घण्टा फार्मेसी सञ्चालनका लागि फार्मेसी बिषय अध्यान गरेको दक्ष जनशिक्तिको व्यावस्था हुनु पर्नेछ।

(ग) फार्मेसी कक्षमा औषधिको गुणस्तरमा ह्रास नहुने गरी सुरक्षित भण्डारण गर्ने व्यावस्था मिलाउनु पर्नेछ। साथै ताप सवेदनशील औषधि तथा भ्याक्सिनको भण्डारण तोकिएको तापक्रममा भण्डारण हुनु पर्नेछ।

(घ) उपचारमा प्रयोग गरिने लागू औषधिहरु (Narcotic drugs) लागू औषध नियन्त्रण ऐन २०३३ बमोजिम अस्पतालले चिकित्सकको लिखित प्रेस्कीप्सन अनुसार मात्रा वितरण गर्ने व्यावस्था मिलाएको हुनु पर्नेछ। साथै औषधिको आम्दानी तथा वितरणको अभिलेख राख्नु पर्नेछ।

(ङ) म्याद नाघेका औषधिहरु नियमित रुपमा नेपाल स्वास्थ्य अनुसन्धान परिषदको Hospital Waste Management Guideline मा उल्लेख भएकोमा सोही बमोजिम र नभएको खण्डमा विश्व स्वास्थ्य संगठनको निर्देशिका बमोजिमको विधि अपनाई नष्ट गर्नु पर्नेछ।

(च) आकस्मिक सेवाका लागि चाहिने आवश्यक औषधिहरु चौबिसै घण्टा उपलब्ध हुने ब्यावस्था हुनु पर्ने।

(छ) अस्पतालले बाह्य ब्यक्ति वा संस्थालाई फार्मेसी सेवा संचालन गर्न दिईएको अवस्थामा सो व्यक्ति वा संस्थाले पनि अस्पतालले पालन गर्नु पर्ने माथि उल्लेखित भएका सम्पुर्ण शर्तहरु अनिवार्य रुपमा पालना गर्ने व्यावस्था मिलाएको हुनु पर्नेछ।

(ज) औषधिको खुद्रा मुल्यमा छुटको व्यावस्था भएमा सबैले देख्ने गरी सुचना टाँस गर्नु पर्नेछ।

(झ) भवन संहितामा उल्लेखित मापदण्ड अनुरुप औषधि पसल सञ्चालन हुने भवन निर्माण भएको हुनु पर्नेछ।

(१०) रक्त सञ्चर सेवा (Blood Bank) का लागि देहाय बमोजिमको पुर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछ।

क अस्पताल हातामा ब्लड बैंकको व्यावस्था भएको हुनु पर्ने। सो नभएमा बिरामीको लागि आवश्यक पर्ने ब्लड उपलब्ध हुने गरी व्यावस्था मिलाईएको हुनु पर्नेछ।

(ख) व्लड बैंकको सम्बन्धमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला नीति अनुरुपको व्यावस्था भएको हुनु पर्ने।

(११) अस्पतालमा रहेका बिरामी तथा अन्य सेवाग्राहीलाई असहज नहुने गरी अलग्गै चिस्यान कक्ष वा शवगृहको व्यावस्था भएको हुनु पर्नेछ।

(१२) अस्पताल व्यावस्थापन (Hospital Management) का लागि देहाय बमोजिमको पुर्वाधार सम्बन्धी मापदण्ड पुरा गरिएको हुनु पर्नेछ।

(क) सोधपुछ तथा गुनासो सुनुवाई कक्ष :

(१) सेवा ग्रहीहरुको सुविधाको लागि आवश्यक कर्मचारी सहितको सोधपुछ कक्षको व्यावस्था हुनु पर्ने।

(२) अस्पतालले प्रदान गर्ने सेवाका बिषयमा सेवाग्रहीको गुनासो सुनुवाई गर्ने उचित प्रवन्ध मिलाईएको हुनु पर्ने।

(ख) सुचना सम्प्रेषण : (१) अस्पताल भित्र प्रभावकारी सुचना सम्प्रेषणको लागि आन्तरीक टेलिफोन को (Intercom) व्यावस्थाका साथै आवश्यक आधुनिक संयन्त्रको समुचित प्रयोग हुनु पर्ने।

(२) अस्पतालमा सार्वजनिक सञ्चार सेवाको व्यावस्था हुनुपर्ने।

(३) प्रहरी एम्बुलेन्स दमकल जस्ता सेवा लगायतका आकस्मिक सेवाका टेलिफोन नम्बरहरु स्पष्ट देखिने गरी राख्नु पर्नेछ।

ग पानी वितरण

(१) अस्पतालमा बिरामी र अन्य ब्यक्तिका लागि चौबिसै घण्टा शुद्ध पानी बिश्व स्वास्थ्य संघले तोके अनुरुपको आपुर्ति हुनु पर्नेछ।



लक्ष्मण बहादुर बम
अध्यक्ष

(२) अस्पतालद्धारा वितरण हुने पानीको गुणस्तर परिक्षण ४/ ४ महिनामा गराई अभिलेख राखिएको हुनु पर्ने । बहिरंग नर्सिङ्ग कक्ष अन्तरंग अपरेशन थिएटर र आपतकालिन कक्षहरुमा पानी व्यावस्था हुनु पर्ने ।

(घ) बिधुत आपुर्ति : (१) अस्पताल क्षेत्रभित्र र सबै विभागहरुमा चौविसै घण्टा विधुत आपुर्ति हुने व्यवस्था मिलाईएको हुनु पर्ने । साथै लोडसेडिङ्गका समयमा बिधुत आपुर्ति गर्न अटोमेटिक ब्यकअप सिष्टम स्थापना गरेको हुनु पर्ने ।

(२) ओ. टी.,आई. सि. यू., सि. सि. यू., इमर्जेन्सी कक्ष लगायतका संवेदनशील कक्षहरुमा आपतकालीन बिधुत ब्याक अप सिष्टम राखेको हुनुपर्ने।

ङ सरसफाई तथा शौचालय व्यावस्था

(१) अस्पतालको सम्पुर्ण क्षेत्र सधै सफा राख्नु पर्नेछ ।

**२. अस्पतालमा देहाय बमोजिमको सेवा दिइने कक्षहरु वा क्लिनिकमा शौचालयको व्यावस्था हुनु पर्नेछ :**

(क) आकस्मिक कक्ष

(ख) लेवर रुम

(ग) प्याथोलोजी सेवा

(घ) बहिरंग बिभाग आवश्यकता अनुसार महिला र पुरुषका लागि अलग अलग ।

(ङ) प्रति छ वेडको जनरल सेवामा एक

(च) महिला तथा अपांङ्गका लागि अलगै

(छ) क्याविन तथा डबल रुमका लागि एटेच भएको

(ज) डाक्टर तथा स्टाफका लागि आवश्यकतानुसार

(३) अस्पताल हाता भित्र सेवाग्रही तथा सेवाप्रदायकालागि पर्याप्त पानी र साबुन सहितको शौचालयको ब्यावस्था हुनुपर्नेछ ।

(४) शौचालय सधै सफा राख्ने ब्यावस्था गरेको हुनुपर्नेछ ।

(५) मर्मत सम्भार व्यावस्था : (क) अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरु समयमा नै मर्मतको व्यावस्था हुनु पर्नेछ । साथै ठुला र गम्भीर प्रकृतिका औजार उपकरणहरुको कम्पनीले निर्दिष्ट गरेको मर्मत अवधि अनुसार मर्मत सम्भार कार्येजना बनाई सोही अनुसार मर्मत गरेको हुनु पर्नेछ ।

(ख) अस्पतालको भवन सवारी साधन मेसिनरी औजार यन्त्र उपकरण बिधुतीय उपकरण र अन्य बिधुतीय उपकरणहरुको नियमित मर्मत संभार गर्ने व्यावस्था मिलाईएको हुनुपर्नेछ ।

(६) बिरामी कुरुवालाई सुविधा अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकताअनुसार बिरामीको साथमा रहने एक जना कुरुवालाई वस्न सक्ने ब्यावस्था हुनुपर्नेछ ।

(७) क्यान्टिन सुविधा अस्पतालहाता भित्र खाना पकाउने (Kitchen) र खाना खाने (dining) अलग अलग ठाउँ सिहतको सफा र सुविधायूक्त क्यान्टिनको व्यावस्था भएको हुनु पर्नेछ ।

(८)लण्डी व्यावस्था : (क) अस्पतालमा प्रयोग हुने एप्रोन पञ्जा टोपी जुता तन्ना तकिया खोल रुमाल जस्ता लुगा कपडा धुनको लागि लण्डीको ब्यावस्था भएको हुनुपर्ने ।

ख अस्पताल भर्ना भएका बिरामीको लुगाधुने सुविधाको व्यावस्था भएकोहुनु पर्ने ।

(९) भण्डार(Store) व्यावस्था : (क) आपत्कालिन अवस्थामा प्रयोग हुने सामाग्रीहरुको अलग्गै भण्डार कक्ष हुनुपर्ने । यस्तो भण्डारमा कम्तिमा एक महिनाको लागि अत्यावश्यक समाग्री स्टक राख्ने व्यावस्था हुनुपर्ने ।

(ख) अस्पतालको लागि आवश्यक लत्ताकपडा सरसफाई समाग्री औजार उपकरण तथा औषधीको न्यूनतम् मौज्दाज रहनुपर्नेछ र सो सामाग्रीहरुको उपयूक्त भण्डारको (Refrigerator,Ventilation,A/Cआदी० व्यावस्था गरेको हुनु पर्ने ।

(१०) सुरक्षा व्यावस्था : (क) अस्पतालमा सुरक्षा व्यावस्था मिलाउन सुरक्षा गार्डको व्यावस्था भएको हुनुपर्ने ।

(ख) आपतकालिन अवस्थाको लागि तत्काल सेवा प्रदान गर्न राज्यका सुरक्षा निकायसँग समन्वय कायम गर्ने व्यावस्था मिलाएको हुनुपर्ने ।

(११) एम्बुलेन्स सञ्चालन अस्पतालमा मेडिकल एटण्डेण्ट सहितको १ वटा एम्बुलेन्स अनिवार्य हुनुपर्ने र अस्पतालले त्यस्ता मेडिकल एटेण्डेण्डलाई Basic Emergency Medicine Training दिने व्यावस्था मिलाउनुका साथै एम्बुलेन्स सेवा सञ्चालन नीति २०६० बमोजीम एम्बुलेन्स सेवा संचालन गर्ने व्यावस्था मिलाएको हुनुपर्नेछ ।

(१२) यातायातको व्यावस्था अस्पतालले कम्तिमा रात्रीकालिन समयमा काम गर्ने कर्मचारीलाई आउन जान बातायातको व्यावस्था अनिवार्य रुपमा मिलाउनु पर्नेछ ।

(१३) स्थान तथा जग्गा पुर्वाधार : (क) अस्पताल रहने स्थान (Location) अस्पताल रहने स्थान छनौट गर्दा पायक पर्ने गरि प्रदुषण मुक्त क्षेत्रको छनौट गर्नु पर्नेछ । अस्पताल सञ्चालनका लागि आवश्यक भवन तथा भौतिक संरचना वडा नं ९ गोरीकला बमको घर आवश्यकतानुसार अन्य संरचनाको प्रयोग गरिनेछ ।

(ख) अस्पताल सञ्चालनको लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा हुनु पर्नेछ ।

(१४) अस्पतालको भवन Building):

(क) अस्पताल सेवा सञ्चालन गरिने भवनको नक्शा र डिजाइन भवन ऐन २०५५ को दफा ११ मा भएको व्यावस्था अनुरुप स्वीकृत भएको हुनु पर्नेछ । भवन संहिता तथा सम्बन्धित गाउँपालिकाले जारी गरेको मापदण्ड बमोजीम भवन निर्माण भएको हुनु पर्नेछ ।

(ख) भवनमा सर्वसाधारणकोजानकारीका लागि Disaster Management Plan तयार गरी सुरक्षा सम्बन्धी सकेत चिन्हहरु उपयुक्त स्थानमा प्रष्ट देखिने गरि राखिएको हुनुपर्नेछ ।

(ग) अस्पतालको कोठाहरु उपयूक्त भेन्टीलेसन वा वाता अनुकुलित यन्त्र राखिएको हुनु पर्नेछ ।

(घ) अस्पतालमा प्रारम्भिक कार्यालय ओ पि डि प्रयोगशाला वार्ड फार्मेसी क्यान्टीनको व्यावस्था हुनु पर्नेछ ।

(ङ) अस्पतालमा ह्विलचेयर तथा ट्रलीको सहज आवागमनको व्यावस्थाका लागि लिफ्ट र्याम्पको व्यावस्था भएको हुनु पर्नेछ ।

लक्ष्मण बहादुर बम
अध्यक्ष

(च) प्रतिक्षालयमा आवश्यकतानुसार बस्ने कुर्सीको व्यावस्था हुनुपर्ने र सुचना पाटी टेलिभिजन पत्रपत्रिका लगायतका माध्यमबाट सुचना प्रदान गर्ने व्यावस्था मिलाइएको हुनुपर्नेछ।

(छ) अस्पतालको कुल निर्माण क्षेत्रफल प्रति शैया ५५ वर्गमीटरका दरले हुनु पर्नेछ। उक्त क्षेत्र भित्र सोधपुछ दर्ता कक्ष प्रतिक्षालय प्रवेशद्धार सहितको हलको क्षेत्र समावेस भएको हुनुपर्नेछ। सो बाहेक भान्सा घर लुगाधुने कोठा जेनेरेटर कक्ष कर्मचारी आवास तथा भण्डार कक्ष मर्मत कक्ष आदीका लागि थप व्यावस्था गरेको हुनु पर्नेछ।

(ज) बहिरंग वभागको प्रत्येक कोठाको क्षत्रफल कम्तिमा चौध वर्ग मिटर हुनु पर्नेछ। शौचालय प्रतिक्षालय बिशेषज्ञको सहयोगी रहने कक्षका लागि प्रयाप्त स्थान हुनु पर्नेछ।

(झ) बिरामिको चाँपको अनुपातमा पर्याप्त र सविधाजनक हुने गरि फर्निचर सहितको प्रतिक्षालयको व्यावस्था भएको हुनुपर्नेछ।

(ञ) अस्पताल भित्र प्रयोग गर्ने र बाहिर निश्कने अलग अलग प्रवेस द्धार र बहिरगमन द्धार हुनु पर्नेछ।

(ट)आपतकालिन सेवाका लागि प्रयोग हुने सवारी साधनहरु अस्पतालको आपतकालिन कक्ष र अन्य अत्यावश्यक ठाँउमा सहज स्थानमा जान सक्ने गरी अलग्गै बाटो र गेटको व्यावस्था गरेको हुनु पर्नेछ।

(ठ) सेवाग्रही र अस्पताल कर्मचारीले प्रयोग गर्ने सवारी साधन र एम्बुलेन्स दमकल जस्ता सवारी साधनका लागि पार्किङ्गको व्यावस्था हुनुपर्नेछ। न्यूनतम् पार्किङ्ग कुल जग्गाको पच्चिस प्रतिशत वा प्रति तिन शैयाका लागि एउटा कार पार्किङ्ग गर्न मिल्ने स्थान मध्ये जुनबढी हुन्छ सोही अनुसार हुनुपर्नेछ।

(ड) अस्पताल जेष्ठ नागरिक बालबालिका तथा अपांङ्ग मैत्रिक हुनु पर्नेछ।

(ढ) ब्हिचेयर ट्रली स्टेचरको प्रर्याप्त व्यावस्था हुनु पर्ने र यस्ता सामाग्री राख्ने ठाँउ र चलाउन सकिने पर्याप्त ठाँउ र चलाउने मानिसको समेत व्यावस्था भएको हुनु पर्नेछ।

(१५) वातावरण व्यावस्थापनका लागि लेहाय बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्नेछ।

(क) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मुल्यांकन गर्दा फोहोरमैला व्यावस्थापनको सम्बन्धमा आवश्यक ध्यान दिनु पर्ने।

(ख) प्रारम्भिक वातावरणीय प्रभव मुल्यांकनमा प्रस्ताव भएबमोजीम कार्यन्वयन गर्ने व्यावस्था मिलाएको हुनु पर्नेछ।

(१६) फोहोरमैला व्यावस्थापनको लागि देहाय बमोजीमको पुर्वाधार मापदण्ड पुरा गरेको हुनु पर्नेछ।

(क) अस्पतालबाट निश्कासित फोहोरमैलाको व्यावस्थापन फोहोरमैला व्यावस्थापन ऐन २०६८ र फोहोरमैला व्यावस्थापन नियमावली २०७० र पलाँता गाउँपालिकाको पुर्ण सरसफाई स्वच्छता कार्यविधि २०७६ ले तोके बमोजीम हुनुपर्नेछ।

(ख) अस्पतालबाट निश्काशन हुने सामान्य तथा चिकित्साजन्य फोहोरमैला प्रकृति अनुसार स्रेतमै अलग अलग छुट्याउने संकलन ढुवानी तथा उचित बिसर्जन गर्ने व्यावस्था मिलाउनु पर्नेछ।

(ग) अस्पतालबाट सृजित संक्रमण जन्य फोहरलाइ निसंक्रमणा गरेर अन्तिम व्यावस्था गर्नु पर्नेछ।

(घ) अस्पतालमा मर्करीयूक्त उपकरणको सट्टा डिजिटल प्रविधियूक्त उपकरण प्रयोग गर्नु पर्नेछ।

**७. पदपूर्ति समितिको गठन:** देहाय बमोजिमको हुनेछ।

| | |
|---|---|
| (क) अस्पताल प्रमुख | संयोजक |
| (ख) संचालक समितिले छनौट गरेको विज्ञ एक जना | सदस्य |
| (ग) स्वास्थ्य शाखा प्रमुख एक जना | सदस्य |
| (घ) प्रहरी प्रशासन प्रतिनीधि एक जना | सदस्य |

**७. जनशक्ति सम्बन्धि बिस्तृत विवरण :** अस्पतालले देहायमा उल्लेखित जनशक्ति भन्दा कम नहुने गरि जनशक्तिको व्यावस्था गर्नु पर्नेछ।

| क्रस | पद नाम | संख्या | तह | कैफियत |
|---|---|---|---|---|
| १ | एमडी जि पि | १ | दशौ/नवौ | |
| २ | एम बि. बि. एस. | १ | आठौ | |
| ३ | अस्पताल प्रमुख/प्रशासक | १ | अधिकृत सातौ | |
| ४ | हे. अ. | २ | सातौ/छैटौ/सहायक पाँचौ | |
| ५ | स्टाप नर्स | २ | सातौ/छैटौ/सहायक पाँचौ | |
| ६ | ल्याव टेक्निसियनCMLT | १ | छैटौ/सहायक पाँचौ | |
| ७ | डिप्लोमा रेडियोग्राफि | १ | छैटौ/सहायक पाँचौ | |
| ८ | एन. एस. थेटीक असिष्टेन्ट | १ | सहायक पाँचौ | |
| ९ | अप्थतमीक असिष्टेन्ट | १ | सहायक पाँचौ | |
| १० | दन्त सहायक | १ | सहायक पाँचौ | |
| ११ | फार्मेसी सुपरभाईजर | २ | छैटौ/सहायक पाँचौ | |
| १२ | लेखापाल | १ | सहायक पाँचौ | |
| १३ | मेडीकल रेकर्डर | १ | पाँचौ/सहायक चौथौ | |
| १४ | सहायक कम्पूटर अपरेटर | १ | सहायक चौथौ | |



लक्ष्मण बहादुर थम
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १५ | ल्याव असिष्टेन्ट | १ | पाँचौ/सहायक चौथौ | |
| १६ | अ. न. मि. | ४ | छैटौ/पाँचौ/सहायक चौथौ | |
| १७ | ई सि जी टेक्निसियन | १ | पाँचौ/सहायक चौथौ | |
| १८ | अ. हे. ब. | ४ | छैटौ/पाँचौ/सहायक चौथौ | |
| १९ | रिसेप्सनिष्ट | १ | सहायक चौथौ | |
| २० | स्टोर किपर | १ | सहायक चौथौ | |
| २१ | सुरक्षा गार्ड | २ | श्रेणी बिहिन | |
| २२ | बगैचे स्वीपर | २ | श्रेणी बिहिन | |
| २३ | कार्यालय सहयोगी | ४ | श्रेणी बिहिन | |
| | जम्मा | ३७ जना | | |

**८. औजार तथा उपकरण:** (१) १५ शैयाको अस्पताल सञ्चालनको लागि आवश्यक औजार तथा उपकरण प्रचलित संघिय तथा प्रदेश कानुनमा उल्लेख भए बमोजिम हुनेछ र सोही अनुसार औजार तथा उपकरणको व्यावस्था गर्नुपर्नेछ।

(२) अस्पतालमा रहने न्यूनतम् पुरयेगशाला तथा र्पकरणहरुको हकमा देहायमा उल्लेख भए बमोजीम ब्यावस्था गर्नु पर्नेछ।

(क) प्रयोगशालाका औजार तथा उपकरणहरु **(Laboratory Instruments):**

| S.N | Name of Instruments | Unit | Quantity |
|---|---|---|---|
| 1 | Microscope | PCS | 1-2 |
| 2 | Semi Auto Analyzer | set | 1-2 |
| 3 | Incubator | set | 1-2 |
| 4 | Chemical Balance | Set | 1-2 |
| 5 | Electrolyte Analyzer | Set | 1-2 |
| 6 | Colorimeter | Set | 1-2 |
| 7 | Hot air Oven | Set | 1-2 |
| 8 | Autoclave | Set | 1-2 |
| 9 | Refrigerator | Set | 1-2 |
| 10 | Blood Cell Counter (18 parameters or above) | Set | 1-2 |
| 11 | Generator | Set | 1-2 |
| 12 | Centrifuge | Set | 1 |
| 13 | Counting Chamber | Set | 1-2 |
| 14 | DLC Counter | Set | 1-2 |
| 15 | Incinerator | Set | 1 |
| 16 | Computer with Printer | Set | 3 |

**-ख_Imagining Equipment's:**

| S.N. | Name of Instruments | Quantity |
|---|---|---|
| 1 | 300 ma X-ray Machine | 1 |
| 2 | 100 ma X- ray Machine | 1 |
| 3 | 100 ma X - ray Machine ( Mobile) | स्वैच्छिक |
| 4 | Dry View processor ( CR System) | स्वैच्छिक |
| 5 | Dental X- ray Machine | स्वैच्छिक |
| 6 | Ultra Sound Machine with color Doppler &biopsy | 1 |
| 7 | ECG Machine | स्वैच्छिक |

**९. अस्पताल विशेष कोष** :(१) अस्पतालमा एक अस्पताल विकास कोष रहनेछ

(२) कोषको सञ्चालन अस्पताल विकास समिति अध्यक्ष, अस्पताल प्रशासन प्रमुख र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ

(३) कोषमा अस्पताल सञ्चालनको लागि संघिय सरकार प्रदेश सरकार नगर पालिका एवं अन्य जुनसुकै स्रेतबाट कानुन बमोजीम प्राप्त रकमहरु जम्मा हुनेछ।

(४) खण्ड (३) मा जुनसुकै कुरा लेखिएको भयता पनि अस्पताल सञ्चालनको क्रममा बिभिन्न सेवा शुल्क र दस्तुर वापत् अस्पतालमा प्राप्त आम्दानी अस्पतालको सञ्चित कोषमा मासिम रुपमा जम्मा गर्नु पर्नेछ।

(५) अस्पतालको सम्पुर्ण कर्मचारीहरुको तलव भत्ता स्वरुपको रकम सम्वन्धित खाता मार्फत खर्च गरिनेछ।

(६) कोषको अन्तिम लेखापरिक्षण महालेखा परिक्षकको कार्यालयबाट हुनेछ।

**१० अस्पताल सञ्चालन समितिको गठन र काम कर्तव्य र अधिकार** :(१) अस्पताल सञ्चालनको लागि देहाय बमोजिमको अस्पताल सञ्चालक समिति गठन गर्नु पर्नेछ :

(क) सदस्य मध्येवाट निर्वाचित अध्यक्ष — अध्यक्ष

(ख) सरकारले तोकेको व्यक्ति — उपाध्यक्ष

लक्ष्मण बहादुर बम
अध्यक्ष

(ग) गाँउकार्यपालिका सदस्य मध्येबाट एक जना महिला — सदस्य
(घ) अस्पताल रहेको वडा अध्यक्ष — सदस्य
(ङ) स्वास्थ्य तथा सामाजिक विकास शाँखा प्रमुख — सदस्य
(च) सामाज सेवि बुद्धिजीविहरु मध्येबाट अध्यक्षले तोकेको — सदस्य
(छ) अस्पताल प्रशासक तथा प्रमुख — सदस्य सचिव

(२) अस्पताल सञ्चालक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सुव्यावस्थित ढंगले अस्पताल स्वालनको लागि आवश्यक नीतिगत कानुनी एवं सँस्थागत व्यावस्थाको लागि संयूक्त निर्णय गरी अस्पताल प्रशासन प्रमुख मार्फत गाउँ कार्यपालिकामा पेश गर्ने।

(ख) मापदण्ड अनुसारका भौतिक संरचना निर्माण जनशक्ति व्यावसथापन औजार तथा उपकरणको व्यावस्था लगायतका कार्यहरु गर्न आवश्यक समन्वय र सहजिकरण र सहकार्य गर्ने।

(ग) अस्पताल सञ्चालनको लागि गाउँपालिका सँग सहकार्यवाट स्वीकृत कार्यक्रमको कार्यन्वयन गर्ने तथा गराउने।

(घ) अस्पताल संचालनका लागि भौतिक आर्थिक समाजिक एवं सँस्थागत वातावरणलाई स्वस्थ एवं तुल्याउने।

(ङ) अस्पताल बाट सेवा प्रवाहको क्रममा आएका गुनासाहरुको उचित सम्बोधन र व्यावस्थापन गर्ने।

(च) गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवाको लागि अवश्यक अन्य कार्यहरु गर्ने।

(३) माथि जुनसुकैकुरा लेखिएको भएता पनि सञ्चालक समितिले गरेका नितिगत कानुनी एवं सँस्थागत महत्वपुर्ण निर्णय कर्मचारी भर्ना नियूक्ति अवकास सँग सम्बन्धित बिषय पलाँता अस्पतालको सञ्चितकोष बाट व्यायभार हुने गरी भएका निर्णयहरु गाउँपालिका सँग सहकार्य गरी लागु हुनेछ।

(४) सञ्चालक समितिको पदावधि ४ बर्षको हुनेछ।

(५) समितिको बैठक सम्बन्धमा समितिले आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ।

(६) कार्यवीधि लागु भएको मिति वाट संचालक समितिको कार्यअवधी शुरु भएको मानिनेछ।

(७) कार्यवीधि संशोधन गर्नु परेमा अस्पताल संचालक समितिले तयार पारिएको संशोधन विध्येक मान्य हुनेछ।

(८)अस्पताल विकास समितिले साधारण सभा गरेर कार्यवीधि संशोधन गरी अनुमोदनका लागि अस्पताल प्रमुख मार्फत गाउँ सभामा पेश गरीने छ।

(९) नेपाल सरकारवाट अस्पतालको व्ययभार नवोहोरेन्जेल सम्म सम्पुर्ण आर्थिक व्ययभार गाउँपालिकाले ब्यहोर्नु पर्नेछ।

(१०) कार्यवीधि प्रमाणीकरण भएको मिति वाट गागु हुनेछ।

**११ जोखिम भत्ता सम्बन्धी ब्यवस्था:** अस्पतालमा कार्यरत स्थायी तथा अस्थायी सबै कर्मचारिहरुले ओभर टाईम खटिए वा रातीको समयमा कामकाज गरेको खण्डमा जोखिम भत्ता बापत तलबको एक दिन बराबरको हुन आउने रकम पाउनेछन। सो भत्ता मासिक रुपमा अस्पताल प्रमुखको प्रतिवेदन संचालक समितिको वैठकमा पेश भई अनुमोदन भए अनुसार प्रदान गरिनेछ।

**१२ अस्पताल प्रमुख:** यस कार्यबिधिमा तोकिए बमोजिमको योग्यता अनुसारको अस्पताल प्रमुखको उपस्थिति नभएको खण्डमा संचालक समिति तत्काललाई अस्पतालमा कार्यरत पाँचौ तहको हेल्थ इन्सपेक्शन समुह बाट नि.अस्पताल प्रमुख तोक्न सक्नेछ र अस्पताल प्रमुख तोकिएको मिति देखि लागु हुने गरी अधिकृत स्तर छैटौ वा सो सरह सेवा सुबिधा उपलब्ध गराईनेछ।

**१३ सेवा शुल्क निर्धारण सम्बन्धी व्यावस्था :** (१) सर्वसाधारणलाई उचित मुल्यमा गुणस्तरीय स्वास्थ्य सेवा पुर्याउने प्रयोजनका लागि अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरको अधारमा अस्पतालले लिन सक्ने सेवा शुल्क प्रचलित कानुनमा तोकिएको अवस्थामा सोही बमोजिम र नतोकेको अवस्थामा नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**१४ पूर्ण सरकारी हुने :**(१) पलाँता पन्ध्र शैया अस्पताल पूर्ण सरकारी अस्पताल हुनेछ।

(२) अस्पताल सञ्चालन र व्यावस्थापनको लागि आवश्यक जनशक्ति भौतिक संरचना आर्थिक स्रोत लगायतको व्यावस्था अस्पताल विकास समितिले गाउँपालिका,संघ तथा प्रदेश सरकारसँग समेत समन्वय सहकार्य र परामर्श गर्नेछ।

**१५. यस अस्पतालबाट प्रदान गरिएका सम्पूर्ण सेवाहरु :** नेपाल सरकारबाट निशुल्क प्रदान बाहेकका अन्य सबै सेवाहरुको हकमा शुल्क लाग्नेछ।

**१६ कार्यविधिमा हेरफेर तथा संसोधन:** गाउँ कार्यपालिकाले उल्लेखित कार्यविधिमा आवश्यकता अनुसार हेरफेर तथा संशोधन गर्न सक्नेछ।

**१७ व्याख्या गर्ने अधिकार :** यस कार्यविधिमा उल्लेखित मापदण्डको कुनै प्रावधानको कार्यन्वयनमा कुनै द्धिविधा उत्पन्न भई कार्यन्वयनमा वाधा आई परेमा गाउँ कार्यपालिकाले सो मापदण्डको व्याख्या गर्नेछ।

**१८ स्वत अमान्य हुने :** यस कार्यविधिमा लेखिएको कुनै कुरा प्रचलित नेपाल कानुनको कुनै व्यावस्थासँग बाझिएमा बाझिएको हदसम्म स्वत अमान्य हुनेछ।

गाउँ कार्यपालिकाबाट स्वीकृती
मिति २०७६।०८।२

प्रमाणीकरण
पहिलो संशोधन भएको २०७८।०६।२२
बिशेष गाउँ सभावाट प्रमाणीकरण मितिः २०७८।०६।२२ गते

लक्ष्मण बहादुर बम
अध्यक्ष